जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : १४ | २०८३ साल वैशाख १६ गते, बुधबार | Wednesday, Arp.– 29 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## नेपालबाट सेटिङमा सिमापार भारतले समायो गाडिमै गाँजा, छतवा-मुसहर्वा, मटिअर्वा र कलैयासम्म देखिएको तस्करी



दृश्यले सीमा सुरक्षामाथि गम्भीर प्रश्न ?

**१५ वैशाख, बारा –** नेपाल-भारत सीमाक्षेत्रमा करिब ३० किलो गाँजा बरामद भएको घटनासँगै छतवा-मुसहर्वा, मटिअर्वा नाका हुँदै कलैयासम्म देखिएको तस्करी गतिविधिले सीमा सुरक्षा र निगरानी प्रणालीमाथि गम्भीर प्रश्न खडा गरेको छ। नेपालतर्फबाट सहजै पार भएर सीमासम्म पुगेको लागूऔषध भारत प्रवेश गर्ने क्रममा मात्रै नियन्त्रणमा आएपछि सुरक्षा संयन्त्रको प्रभावकारितामाथि आलोचना बढेको हो।

सोमबार साँझ झरोखर नजिकको नो म्यान्स ल्याण्ड क्षेत्रमा भारतीय सशस्त्र सीमा बल (एसएसबी) र भारतीय प्रहरीको संयुक्त टोलीले शंकास्पद सवारी जाँच गर्दा बीआर ०५ पी ७३१८ नम्बरको टाटा सफारी गाडीबाट ठूलो परिमाणमा गाँजा बरामद गरेको थियो। जाँचका क्रममा चालक फरार भएको बताइएको छ भने गाडीभित्र प्लास्टिकमा प्याक गरेर लुकाइएको अवस्थामा लागूऔषध फेला परेको हो।

प्रारम्भिक अनुसन्धानले उक्त गाँजा नेपालतर्फको मकवानपुरबाट बारा हुँदै भारततर्फ लैजान खोजिएको संकेत गरेको छ। तर यति ठूलो परिमाणको लागूऔषध सीमासम्म आइपुग्दा नेपालतर्फका सुरक्षा निकायबाट नियन्त्रण हुन नसक्नुले निगरानी प्रणाली कमजोर रहेको देखाएको छ।

यससँगै सीमाक्षेत्रको वास्तविक अवस्था झन् गम्भीर रहेको स्थानीयहरूले बताएका छन्। छतवा-मुसहर्वा नाकाबाट भारतीय मोटरसाइकल प्रयोग गरी रातको समयमा खुलेआम तस्करी भइरहेको दृश्य सार्वजनिक भएको छ। त्यस्तै, मटिअर्वा नाकामा पनि ‘लाइन सेटिङ’मार्फत अवैध सामान ओसारपसार भइरहेको आरोप छ। स्थानीय स्रोतका अनुसार सीमाबाट भित्रिएको कपडा, सटिङ-सुटिङ, कवाड लगायतका सामग्री कलैयासम्मै निर्बाध रूपमा पुऱ्याएर गोदाममा राखिने गरिएको छ। यसले सीमामा कडाइको दाबी केवल औपचारिकतामा सीमित रहेको संकेत गरेको छ।

स्थानीय बासिन्दाले सर्वसाधारण नागरिकलाई कडाइ गर्ने तर तस्कर समूहलाई सहज बनाइदिने प्रवृत्ति रहेको आरोप लगाएका छन्। उनीहरूका अनुसार सीमाक्षेत्रमा ‘सेटिङ’को आधारमा तस्करी मौलाउँदै गएको छ, जसले राज्यको राजस्वमा क्षति पुऱ्याउनुका साथै सुरक्षा जोखिम पनि बढाएको छ।

यसैबीच, मटिअर्वा नाकासँग सम्बन्धित एक सशस्त्र प्रहरी डीएसपीमाथि कवाड सहित तस्करीको लाइन खुलाएको आरोप लागेपछि उनलाई जिम्मेवारीबाट हटाएर गणमा तानिएको घटना पनि सार्वजनिक भएको छ।

विशेषज्ञहरूका अनुसार सीमा सुरक्षा प्रभावकारी बनाउन नेपाल र भारतबीचको समन्वय, सूचना आदानप्रदान र संयुक्त निगरानी आवश्यक हुन्छ। तर व्यवहारमा

बाँकी तेस्रो पृष्ठमा

## ठेकेदार हरिरैनियारको लापरवाही र प्रशासनिक ढिलासुस्तीबीच हरपतगञ्ज सडक ८ वर्षदेखि अलपत्र

**१५ वैशाख, वीरगञ्ज –** ठेकेदार हरिरैनियारको नेतृत्वमा रहेको निर्माण कम्पनीको ढिलासुस्ती र सरकारी निकायबीचको कमजोर समन्वयका कारण वीरगञ्ज महानगरपालिका-२० हरपतगञ्जको सडक निर्माण ८ वर्षदेखि अलपत्र अवस्थामा रहेको छ।

स्थानीयवासीले लामो समयदेखि सडक अधुरै रहँदा दैनिक जीवन प्रभावित भएको भन्दै तीव्र आक्रोश व्यक्त गरेका छन्। उनीहरूले जिल्ला प्रशासन कार्यालय पर्सामा पुगेर ज्ञापनपत्र बुझाउँदै तत्काल काम सम्पन्न गर्न र जिम्मेवार पक्षमाथि कारबाही गर्न माग गरेका छन्।



परियोजना अन्तर्गत निर्माणको जिम्मा लिएको संयुक्त निर्माण कम्पनी (हरिरैनियार नेतृत्व) ले भने करिब १७ करोड रुपैयाँ बराबरको भुक्तानी नपाएको कारण काम अघि बढ्न नसकेको दाबी गरेको छ। निर्माण पक्षका अनुसार सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय पर्साबाट रकम ढिलाइ भएपछि कार्य प्रभावित भएको हो। यता आयोजना कार्यालयले भने साइट क्लियर नहुनु, घर-टहरा

बाँकी तेस्रो पृष्ठमा

## कलैया मालपोतमा इन्टरनेट अवरुद्ध: डिजिटल सेवा दाबीबीच सेवाग्राही लाइनमै अलपत्र

**१५ वैशाख, कलैया ।** “डिजिटल सेवा, छिटो र पारदर्शी प्रशासन” भन्ने सरकारी दाबीबीच बाराको कलैया स्थित भूमि सुधार तथा मालपोत कार्यालयमा एक हप्तादेखि देखिएको इन्टरनेट अवरोधले सेवा प्रवाह नै ठप्प जस्तै बनेको छ। दैनिक लाखौं रुपैयाँ राजस्व संकलन हुने यस कार्यालयमा नेटवर्क समस्या समाधान नहुँदा सेवाग्राही घण्टौं लाइनमा बस्न बाध्य छन् भने धेरैले काम अधुरै छाडेर फर्किनु परेको छ।

जग्गा किनबेच, नामसारी, धितो पासजस्ता अत्यावश्यक सेवा लिन




आएका नागरिकहरूले लगातार एक हप्तादेखि समस्या झेलिरहेको गुनासो गरेका छन्। “लाइन त लाग्छ, तर सिस्टम नै चल्दैन, दिनभर कुर्दा पनि काम हुँदैन,” एक सेवाग्राहीको आक्रोश छ।

कार्यालयका आइटी प्राविधिक र प्रशासनिक अधिकारीहरूले इन्टरनेट अवरोधका कारण सेवा प्रभावित भएको स्वीकार गरे पनि समस्या कहिले समाधान हुन्छ भन्ने स्पष्टता

बाँकी तेस्रो पृष्ठमा

## डोजरको धूलोमा उठेको प्रश्न: विकास कि विस्थापन?

***“डोजर अभियानले सार्वजनिक जग्गा संरक्षणको सन्देश दिएको छ, तर वीरगञ्जदेखि काठमाडौं र ढल्केबर चोकसम्म देखिएको कडाइले विपन्न नागरिकमा त्रास बढाएको छ। पुनर्स्थापनाबिना गरिएको यस्तो कदम विकासभन्दा विस्थापनको जोखिम बोकेको देखिन्छ।”***



लेखक: पन्नालाल दास

देश अहिले एउटा तीव्र बहसको बीचमा उभिएको छ । अतिक्रमण हटाउने नाममा चलिरहेको “डोजर अभियान” विकासतर्फको अपरिहार्य कदम हो कि समाजको कमजोर वर्गमाथि परेको असन्तुलित प्रहार?

एकातर्फ, वर्षौंदेखि सार्वजनिक जग्गा, सडक किनार र नदी तटमा फैलिएको अतिक्रमण हटाउने प्रयास ढिलै भए पनि तीव्र बनेको छ। वीरगञ्जको मुख्य सडक विस्तारदेखि काठमाडौंका नदी किनारसम्म डोजरको आवाजले राज्यको उपस्थिति बलियो बनाउन खोजिरहेको देखिन्छ। कानुन, नक्सा र मापदण्डअनुसार शहरलाई व्यवस्थित गर्ने प्रयासलाई धेरैले आवश्यक सुधारका रूपमा पनि लिएका छन्।

तर यही प्रक्रिया जब व्यवहारमा लागू हुन्छ, त्यहाँ कथा फरक देखिन्छ। वीरगञ्जमा एकै रात २५/२५ मिटरको सीमांकनअनुसार संरचना हटाइँदा सयौं घर-पसल भत्किए। झुपडीदेखि पक्की भवनसम्म ढल्दा त्यो केवल भौतिक संरचनाको अन्त्य मात्र थिएन—त्यो हजारौं नागरिकको जीवन, व्यवसाय र भविष्यमा परेको गहिरो असर पनि थियो।

राजधानीमा बालेन्द्र शाह नेतृत्वमा बागमती नदी, विष्णुमती नदी र मनोहरा खोला किनारमा रहेका अतिक्रमित संरचना हटाउने अभियान तीव्र छ। बाढीको जोखिम घटाउने, वातावरण संरक्षण गर्ने र शहरलाई व्यवस्थित बनाउने उद्देश्य स्पष्ट छ। तर, त्यहाँ बसोबास गर्दै आएका नागरिकका लागि विकल्प के? यो प्रश्न अझै अनुत्तरित जस्तो देखिन्छ।

तराई-मधेश क्षेत्रमा पनि डोजर अभियानको प्रभाव गहिरिँदै गएको छ। गण्डक नहर आसपासको अतिक्रमित जमिन खाली गराउने कार्य अघि बढाइएको छ भने सखुवा प्रसौनी क्षेत्रमा ठूलो परिमाणमा जमिन खाली गराइएको छ। त्यस्तै ढल्केबर चोकमा दशकौं पुराना संरचनासमेत हटाइएका छन्। यी घटनाहरूले देखाउँछन् कि अभियान अब केवल शहर केन्द्रित नभई देशभर फैलिएको छ।


यससँगै अर्को प्रवृत्ति पनि देखिएको छ—देशभरका स्थानीय तहहरूले

बाँकी तेस्रो पृष्ठमा

## देशका ७ प्रदेशका जिल्लामा हावाहुरीको उच्च जोखिम, प्राधिकरणको सतर्कता अनुरोध

**१५ वैशाख, काठमाडौं ।** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जल तथा मौसम विज्ञान विभागको पूर्वानुमानका आधारमा देशका विभिन्न प्रदेशका जिल्लामा तीव्र हावाहुरी, मेघगर्जन, चट्याङ र असिनासहित वर्षा हुने सम्भावना रहेको भन्दै सतर्क रहन आग्रह गरेको छ।

प्राधिकरणका अनुसार मिति २०८३ वैशाख १६ गते बुधबार साँझ ५:४५ बजेबाट सुरु भई पर्सि १७ गते बिहान ७:४५ बजेसम्म कोशी, मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लामा तीव्र हावाहुरी चल्ने अनुमान गरिएको छ। प्रभावित हुने जिल्लामा कोशी प्रदेशको मोरङ, मधेश प्रदेशको धनुषा र बारा, लुम्बिनी प्रदेशको बर्दिया, बाँके, दाङ र अर्घाखाँची



चित्र: चेतावनी नक्शा

थप विवरण: मेघगर्जन/चट्याङ्ग/हावाहुरी/असिना सहित पानी पर्ने प्रणाली पश्चिमदेखि क्रमशः पूर्वतिर सर्दै जाने सम्भावना रहेकोले देशका धेरै ठाउँहरूमा यसको प्रभाव पर्ने सम्भावना रहेको छ। आवश्यक सतर्कता अपनाउनु होला।

तथा सुदूरपश्चिम प्रदेशका डडेलधुरा र डोटीसहित आसपासका क्षेत्रहरू रहेका छन्।

विभागका अनुसार हावाहुरीसँगै मेघगर्जन, चट्याङ र असिनासहित वर्षा हुने प्रणाली पश्चिमबाट पूर्वतर्फ सर्ने सम्भावना रहेको छ। यस अवधिमा रुख ढल्ने, कमजोर संरचना भत्किने, घरका छाना उड्ने, विद्युत तथा सञ्चार सेवा

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर

प्रकाशक/सम्पादक
**पन्नालाल दास**
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
**मुन्ना कुमार**

सामाचार सम्पादक
**सरोज दास**

कानुनी सल्लाहकार
**परमहंस केशरी/ श्याम बिहारी कुशवाहा**

कम्प्यूटर सेटिङ्ग
**म. फरिद**

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय ........

## छतवा-मुसहर्वा नाकाः तस्करीको "सेटिङ" राज्य व्यवस्थामाथि ठाडो चुनौती

सर्लाही-बारा सीमाको छतवा-मुसहर्वा सीमा क्षेत्र पछिल्ला दिनमा फेरि चर्चामा छ—तर विकास वा व्यापारका कारण होइन, तस्करीको आरोपका कारण। स्थानीय स्तरबाट आएका विवरणहरूले एउटा असहज यथार्थ देखाउँछन्: सीमा केवल खुला होइन, कतिपय ठाउँमा नियन्त्रणहीन जस्तो देखिन थालेको छ। सर्लाही जिल्ला र बारा जिल्लाका विभिन्न नाकाहरू हुँदै रातको समयमा भारतीय मोटरसाइकलबाट सामान ओसारपसार हुनु, र त्यो गतिविधि सामान्य जस्तो देखिनु—यो केवल सुरक्षाको कमजोरी हो कि मिलेमतो? यही प्रश्न अहिले केन्द्रमा छ। जब सामान्य नागरिकको सानो सामानमा कडाइ हुन्छ तर ठूलो परिमाणको अवैध कारोबार सजिलै सीमापार हुन्छ, तब कानुनको समानता स्वतः प्रश्नको घेरामा पर्छ। "लाइन सेटिङ" भन्ने शब्द आम प्रयोगमा आउनु आफैंमा गम्भीर संकेत हो—यसले नियमभन्दा सम्बन्ध बलियो भएको सन्देश दिन्छ।

हालै सशस्त्र सीमा बल (एसएसबी)ले अवैध सामान बरामद गरेको घटनाले अझ स्पष्ट बनाउँछ कि समस्या सीमाको दुवैतर्फ छ, तर जिम्मेवारीबाट पन्छिन मिल्दैन। नेपालको तर्फबाट निगरानी प्रभावकारी किन हुन सकेन भन्ने प्रश्न अनुत्तरित छ। तस्करीलाई केवल आर्थिक अपराध मानेर बेवास्ता गर्न मिल्दैन। यसले राज्यको विश्वसनीयता, सुरक्षा संयन्त्रको क्षमता र कानुनी शासनमाथि प्रत्यक्ष असर पार्छ। अझ खतरनाक कुरा के भने, यस्तो गतिविधि क्रमशः "सामान्य" बन्दै जानु हो। समाधान स्पष्ट छ—कडा निगरानी, जवाफदेहिता र निष्पक्ष कारबाही। तर त्यसका लागि इच्छाशक्ति चाहिन्छ। यदि अहिले पनि गम्भीरता देखाइएन भने, भोलि सीमा व्यवस्थापन केवल कागजमा सीमित रहने र व्यवहारमा 'खुला बाटो' बन्ने खतरा बढ्दै जानेछ।

# सांसदको विशेषाधिकार रक्षा




नागरिक कानुनको दृष्टिमा सांसदसहित सबै समान हुने छन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने संवैधानिक व्यवस्था छ । फौजदारी अभियोगका सन्दर्भमा संसद् सदस्यले पनि एक सामान्य नागरिक सरह कानुनको पालना गर्नु पर्छ । विशेषाधिकारको प्रश्नउपर सर्वव्यापी अधिकार मात्र होइन, यसमा संवैधानिक सीमा तथा बन्धन पनि छन् ।



डा. अर्जुनकुमार खड्का

कुनै व्यक्ति, संस्था, सङ्गठन आदिमा निहित विशेष किसिमको अधिकार अर्थात् खास समय, परिस्थिति वा काममा प्रयोग गरिने विशिष्ट प्रकृतिको नियमलाई सामान्यतः विशेषाधिकार भनिन्छ । यो व्यवहारमा प्रयोग गरिने विशेष प्रकारको अधिकारको संरक्षण गर्ने कानुनी वा नीतिगत विषयमा आधारित हुन्छ; जसले केही पदाधिकारी वा व्यक्तिलाई यस्तो सुविधा संविधान तथा कानुनी हैसियतबाटै प्रदान गरेको हुन्छ । नेपालको सन्दर्भमा राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७४ को दफा १६ ले राष्ट्रपति र उपराष्ट्रपतिले आफ्नो पदीय हैसियतले सम्पादन गरेका कामकारबाहीको विषयमा निज पदमा रहँदा वा सेवानिवृत्त भएपछि निजउपर कुनै अदालतमा मुद्दा चलाइने छैन भन्ने स्पष्ट कानुनी व्यवस्था गरेको छ । निजामती सेवा ऐन, २०४९ को दफा ५७ ले निजामती कर्मचारीका हकमा पनि यसलाई लागु गरेको पाइन्छ । आफ्नो ओहदालाई कर्तव्य पालन सम्झी गरेका कुनै सरकारी कामका सम्बन्धमा निजउपर तोकिएबमोजिमको रीत नपुऱ्याई मुद्दा चल्न सक्ने छैन भन्ने व्यवस्था गरी निजामती कर्मचारीको पेसाप्रतिको सुरक्षाको अधिकार प्रत्याभूति गरिएको छ ।

***विशेषाधिकार तथा सीमा***

नेपालको संविधानको धारा १०३ ले सङ्घीय संसद्का सदस्यलाई विशेषाधिकारको सुविधा दिएको छ । संविधानको अधीनमा रही सङ्घीय संसद्का दुवै सदनमा पूर्ण वाक् स्वतन्त्रता रहने छ । सदनमा व्यक्त गरेका मतका विषयलाई लिएर कुनै पनि सदस्यलाई पक्राउ गरिने, थुनामा राखिने वा निजउपर कुनै अदालतमा कारबाही चलाइने छैन भन्ने ग्यारेन्टी गरिएको छ । सङ्घीय संसद्को प्रत्येक सदनलाई आफ्नो कामकारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहने छ तथा सदनको कुनै कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित सदनलाई मात्र हुने छ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नपाउने व्यवस्था गरी संसद् सदस्यलाई विशेष सुविधा दिइएको छ । सङ्घीय संसद् वा प्रदेश सभाको कुनै पनि सदस्यलाई अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन अन्त्य नभएसम्मको अवधिभर पक्राउ नगरिने संवैधानिक ग्यारेन्टी छ ।

***अन्तर्राष्ट्रिय अभ्यास***

अन्तर्राष्ट्रियस्तरमा हेर्दा विभिन्न देशका संसद् सदस्यले विशेषाधिकारको सुविधालाई अवलम्बन गर्दै आएको पाइन्छ । भारतको संविधानको धारा १०५ बमोजिम संसद्भित्र सांसदहरूलाई पूर्ण अभिव्यक्ति स्वतन्त्रता हुन्छ । संसद् सदस्यले भनेका कुरा वा सदन वा यसका समितिमा दिएको कुनै पनि मतका आधारमा सदस्यलाई कुनै पनि अदालतमा मुद्दा चलाउन सकिँदैन । कुनै पनि प्रतिवेदन, पत्र, मतदान वा कारबाही सदनको अधिकारद्वारा वा अन्तर्गत गरिएको हो भने त्यस्तो सदस्यलाई कानुनी कारबाहीबाट उन्मुक्ति दिइने छ । यस्तै प्रकृतिको व्यवस्था सन् १९७२ मा जारी भएको बङ्गलादेशको संविधानको धारा ७८ ले पनि गरेको छ । उक्त धारा ७८ बमोजिम कुनै पनि संसद् सदस्यले संसद् वा यसका समितिमा भनेको वा मतदान गरेको कुनै पनि कुराका लागि कुनै पनि अदालत कारबाहीका लागि उत्तरदायी हुँदैन ।

संसदीय व्यवस्थाको जननीका रूपमा रहेको बेलायतमा यसलाई बढी महत्वका साथ लिइन्छ; जुन व्यवस्थालाई विशेषतः कमन लको सिद्धान्तमा आधारित रहेको व्यवस्थाका रूपमा पनि लिने गरिन्छ । यस अनुसार हाउस अफ पार्लियामेन्टमा देवानी विषयका मुद्दामा कुनै पनि संसद् सदस्यलाई पक्राउ नगरिने उल्लेख भएको छ । फौजदारी विषयका सन्दर्भमा विशेषाधिकार प्राप्त हुन नसक्ने व्यवस्था तथा अभ्यास छ । यस्तो प्रावधानले सबै नागरिक कानुनको अगाडि समान हुन् भन्ने कानुनको सर्वमान्य सिद्धान्तलाई स्वीकार गरी संसद् सदस्यले पनि सामान्य नागरिकसरह कानुन पालना गर्नुपर्ने र विशिष्टीकृत मुद्दामा विशेष सुविधा प्राप्त गर्न नसक्ने भन्ने नै आशय हो ।

बेलायतको संसद्मा जस्तै अमेरिकी कङ्ग्रेसमा पनि विधायिकलाई विशेषाधिकारको सुविधा दिएको छ । यस्तो विशेषाधिकार वा उन्मुक्तिको सुविधालाई अदालतले धेरै साँघुरो घेरामा ल्याउने गरी व्याख्या गर्दै आएको छ । फ्रान्सको संविधानको धारा २६ ले संसद् सदस्यलाई प्रहरी वा न्यायकर्ताले हिरासतमा लिन वा पक्राउ गर्न रोक लगाएको छ । यसप्रकारको व्यवस्थाका सन्दर्भमा कतिपय अवस्थामा स्पष्ट कानुनी आधार नभएका कारण विशेषाधिकारसम्बन्धी व्यवस्थाले हालैका दिनमा फ्रान्समा दुबिधा उत्पन्न गरेको छ । जर्मनीको संविधानको धारा ४६ बमोजिम संसद् सदस्य अर्थात् 'बुन्डिस्टर्ड' का सदस्यलाई वाक् स्वतन्त्रतालगायत तोकिए बमोजिमका निश्चित कार्यका लागि विशेषाधिकार प्राप्त छ; जहाँ अन्य देशको भन्दा छुटटै प्रकृतिको कानुनी व्यवस्था छ । फौजदारी कसुरका सन्दर्भमा स्वयम् 'बुन्डिस्टर्ड' ले नै आफ्ना संसद् सदस्यलाई फौजदारी कसुर गरेको भनी फौजदारी अभियोजनकर्तासमक्ष अनुसन्धानका लागि लेखी पठाउन वा कुनै फौजदारी कसुरमा संलग्न संसद् सदस्यलाई उन्मुक्ति दिन वा पक्राउ नगर्न आवश्यक व्यवस्था गर्न सक्ने गरी संवैधानिक व्यवस्था गरेको पाइन्छ । इटालीमा सन् १९४८ देखि नै संसद् सदस्यलाई विशेषाधिकारको सुविधा प्रदान गरिँदै आएको थियो यद्यपि सन् १९९३ मा यस सुविधालाई सीमित गरियो ।

स्पेनको संविधान, १९७८ ले विशेषाधिकारलाई बृहत् रूपमा लिइएको छ । संसद्का सिनेटर, डिपुटी र विधायिका, क्षेत्रीय प्रशासकलगायत राजपरिवारका निश्चित सदस्यलाई पनि यससम्बन्धी सुविधा उपयोग गर्न सक्ने गरी उन्मुक्ति दिइएको छ । सन् १९८८ मा जारी भएको ब्राजिलको संविधानले पनि संसद्का दुवै सदनका सदस्यलाई विशेषाधिकारको सुविधा दिएको छ । कहाँसम्म भने फौजदारी कसुरमा कुनै सदस्यलाई पक्राउ गरेको अवस्थामा संसद्मा पक्ष/विपक्षमा छलफल तथा मतदान गरी त्यस्तो पक्राउको विरुद्धमा निर्णय गर्न सक्ने र कतियप अवस्थामा संसद्लाई पक्राउ रोक्न सक्ने अधिकारसमेत रहेको छ । विशेषाधिकारका सन्दर्भमा टर्कीको संसद्मा रोचक प्रसङ्ग छ । त्यहाँ सन् १९६१ देखि १९९८ सम्म ३७ वर्षको अवधिमा करिब एक हजार १५१ डिपुटीको विशेषाधिकार अधिकार अन्तर्गत उन्मुक्तिका लागि करिब दुई हजार ७१३ अनुरोध गरिएको भए पनि केवल २९ उन्मुक्ति मात्र प्रदान गरिएको थियो । तथापि अन्तरव्यवस्थापिका सङ्घका कतिपय देश जस्तै- अस्ट्रेलिया, बेलारुस, बेल्जियम, क्यानडा, इजिप्ट, इस्टोनिया, गाबोन, केन्या, मलेसिया, नामिबिया, न्युजिल्यान्ड, नर्वे, नेदरल्यान्ड्स, पोल्यान्ड, चेक गणराज्य, श्रीलङ्का र थाइल्यान्ड आदि देशमा विशेषाधिकार निश्चित कार्यमा लागु हुँदैन ।

अन्तर्राष्ट्रियस्तरमा प्रायः धेरै देशमा संसद् सदस्यले विशेषाधिकार प्राप्त गर्न सक्छन् । धेरै देशमा संविधानमै त्यस्तो व्यवस्था गरिएको छ भने कतिपय देशमा कानुनी हैसियतमा त्यस्तो अधिकार दिइएको छ । संसद् सदस्यका लागि विशेषाधिकार भनेको कुनै पनि कार्य गरेबापत सदस्यलाई दुःख दिने, आतङ्कित पार्ने, धम्की दिने, मुद्दा लगाउने वा अनैतिक व्यवहारतिर लैजाने कार्यलाई रोक्न सकियोस् भन्ने हो । किनकि संसद् सदस्यको आधारभूत कार्य नै सार्वजनिक हित प्रवर्धनका लागि दृढ रहनु हो । संसद् सदस्यलाई दिएको विशेषाधिकारसम्बन्धी अधिकार उनीहरू स्वतन्त्र रूपमा आफ्नो काम गर्न सक्छन् तथा कर्तव्यको सही सदुपयोग गर्छन् भन्ने हो । विशेषाधिकारका नियम र संसदीय स्वाधीनताबिच पक्कै पनि तनाव हुने गर्छ । उदीयमान लोकतन्त्रमा विभिन्न जटिल परिस्थितिले गर्दा संसद् सदस्यको रक्षाका पक्ष फितला हुन पनि सक्छन् । विशेषाधिकारले संसदीय स्वाधीनता प्रणालीको पूर्ण उपयोग हुने कार्यलाई बढावा दिन सक्छ । विशेषाधिकार आफैँले संसदीय व्यवहारमा परिवर्तन गर्दैन । त्यो व्यवहार संसद्भित्रैबाट र संसद्को भित्री गतिशीलता प्रतिविम्बित गर्ने खालको हुनु पर्छ ।

संसदीय शासनप्रणालीमा संसद् सदस्यको विशेषाधिकारलाई गहनाका रूपमा लिने गरिन्छ । त्यस्तो विशेषाधिकारले फौजदारी अभियोगसँग सम्बन्धित कार्यमा कुनै पनि सदस्यलाई पक्राउ गर्न वा मुद्दा चलाउन मिल्दैन भन्ने अधिकार राख्छ । यसको आशय जुनसुकै फौजदारी कसुर लागेका सबै संसद् सदस्यलाई उन्मुक्ति दिन सक्छ भन्ने होइन । नेपालको संविधानको धारा १८ बमोजिम सबै नागरिक कानुनको दृष्टिमा समान हुने छन्, कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन भन्ने संवैधानिक व्यवस्था रहेकाले फौजदारी अभियोगका सन्दर्भमा संसद् सदस्यले पनि एक सामान्य नागरिक सरह कानुनको पालना गर्नु पर्छ । यसर्थ विशेषाधिकारको प्रश्नउपर सर्वव्यापी अधिकार मात्र होइन, यसमा संवैधानिक सीमा तथा बन्धन पनि रहेका छन् । त्यस्तो बन्धनलाई सबै संसद् सदस्यले ग्रहण गरेमा मात्र लोकतन्त्र र सुशासन प्रवर्धन हुन सक्छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## बैंकले खातावालालाई नै उपस्थित गराउन भनेपछि बहिनीको कङ्काल लिएर पुगे दाजु

*ओडिशा, वैशाख १५ गते ।*

भारतको ओडिशा राज्यस्थित केन्दुझार जिल्लामा मानवीय संवेदनालाई नै स्तब्ध बनाउने एउटा घटना सार्वजनिक भएको छ । स्थानीय एक ग्रामीण बैंकले आफ्नी मृत बहिनीको खातामा रहेको रकम भुक्तानी दिन अस्वीकार गरेपछि एक व्यक्तिले चिहान खनेर बहिनीको अस्थिपञ्जर नै बैंक पुऱ्याएका हुन् । टाइम्स अफ इन्डियाका अनुसार, केन्दुझार जिल्लाको डियानाली गाउँका ५० वर्षीय जितु मुण्डाले आफ्नी दिदी कालरा मुण्डाको खातामा रहेको १९ हजार ३०० भारु निकाल्न पटक-पटक बैंक धाउनुभयो। तर, बैंकका कर्मचारीले खातावालालाई नै उपस्थित गराउनुपर्ने अडान राख्दै उहाँलाई रित्तो हात फर्काउने गरेका थिए ।



जितुले आफ्नी दिदीको मृत्यु भइसकेको जानकारी दिँदा समेत बैंक प्रशासनले पत्याउनुको साटो उल्टै प्रमाणका रूपमा खातावालालाई नै उपस्थित गराउन दबाब दिएपछि पीडित मुण्डाले यो कदम चालेका हुन् । करिब दुई महिनाअघि मृत्यु भई गाडिएकी बहिनीको कङ्काल चिहानबाट निकालेर उहाँले बैंकको गेटमा पुगेपछि स्थानीय प्रशासन र प्रहरीमा खैलाबैला मच्चिएको थियो ।

अशिक्षित र विपन्न वर्गका मुण्डाले मृत्युदर्ता र कानुनी हकवालाको प्रक्रियाका बारेमा अनभिज्ञ रहेका कारण कर्मचारीको व्यवहारबाट आजित भएर कङ्काल नै प्रमाणका रूपमा पेस गर्नुपरेको बताउनुभएको छ । घटनाको जानकारी पाउनासाथ पटना प्रहरी चौकीका अधिकारी घटनास्थल पुगेर जितुलाई सम्झाइबुझाई गरेका थिए । प्रहरीको हस्तक्षेपपछि बैंक प्रशासनले प्रक्रिया सहज बनाउने आश्वासन दिएको छ । उक्त कङ्काललाई पुनः धार्मिक विधिअनुसार अन्त्येष्टि गरिएको छ । यो घटनाले आधुनिक बैङ्किङ प्रणाली र कर्मचारीतन्त्रमा संवेदनाको खडेरी परेको भन्दै आलोचना भइरहेको छ।

## इन्डोनेसियामा रेल दुर्घटना, १४ जनाको मृत्यु ८४ घाइते

*जकार्ता, वैशाख १५ गते ।*

इन्डोनेसियाको पश्चिमी जाभाको बेकासीमा दुई वटा रेलहरू एक आपसमा ठोक्किएर दुर्घटना हुँदा १४ जनाको मृत्यु हुनुका साथै ८४ जना घाइते भएको स्थानीय अधिकारीहरूले मङ्गलबार बताएका छन् ।

दुर्घटनापछि इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबिआन्तोले बेकासीको अस्पतालमा पीडितहरूलाई भेटी समवेदना व्यक्त गर्दै दुखद घटनाको सिग्र अनुसन्धान गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको छ ।



रेल अपरेटर तथा केएआईका अध्यक्ष निर्देशक बबी रेसिडिनले १४ जनाको मृत्यु भएको पुष्टि गर्नु भएको छ । उहाँका अनुसार मृतकलाई पहिचानका लागि प्रहरी अस्पतालमा लगिएको छ भने ८४ जना घाइतेहरूले विभिन्न स्वास्थ्य सुविधाहरूमा उपचारका लागि लगिएको छ ।

स्थानीय समय अनुसार वेलुका करिब ८:५० मा जकार्ता-बेकासी मार्गमा चल्ने लामो दूरीको रेलहरु एक आपसमा ठोक्किँदा दुर्घटना भएको जनाइएको छ ।

रेल अपरेटर र राष्ट्रिय यातायात सुरक्षा समितिले घटनाको कारणबारे अनुसन्धान गरिरहेको जनाएका छन् ।

### नेपालबाट...

यस्तो संयन्त्र कमजोर हुँदा एकतर्फबाट छुटेको अवैध गतिविधि अर्को पक्षले मात्र नियन्त्रण गर्ने अवस्था देखिएको छ।

घटनापछि नेपालतर्फका सुरक्षा निकायले आन्तरिक समीक्षा र सीमा निगरानी प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकता देखिएको छ। सीमाक्षेत्रमा बढ्दो तस्करी नियन्त्रण नगरे राज्यको राजस्व र सुरक्षा दुवैमा दीर्घकालीन असर पर्ने चेतावनीसमेत दिइएको

### देशका ७ ...

अवरुद्ध हुने जस्ता जोखिम उच्च रहने चेतावनी दिइएको छ।

प्राधिकरणले जारी गरेको अनुरोधपत्रमा नागरिकलाई घरबाहिर अनावश्यक हिँडडुल नगर्न, झ्यालढोका सुरक्षित रूपमा बन्द गर्न, कमजोर जस्ता छाना मजबुत बनाउन, अग्ला रुख तथा विद्युत पोल नजिक नबस्न र चट्याङको जोखिम हुँदा सावधानी अपनाउन आग्रह गरिएको छ।

त्यसैगरी, लत्रिएका बिजुलीका तार नछुने, आगलागीको सम्भावनाप्रति सचेत रहने र उडाएर आएका वस्तुबाट चोटपटक हुन सक्ने भएकाले सतर्क रहन समेत अनुरोध गरिएको छ।

प्राधिकरणले मौसमसम्बन्धी सूचना नियमित रूपमा अनुसरण गर्न र आवश्यक सतर्कता अपनाउन सबै नागरिक, स्थानीय तह तथा सरोकारवाला निकायलाई आग्रह गरेको छ।

### मालपोतमा ...

दिन सकेका छैनन्। यता सम्बन्धित निकायको ढिलासुस्तीप्रति सेवाग्राही र स्थानीयवासीले प्रश्न उठाएका छन्।

स्थानीयहरूका अनुसार, सरकारी कार्यालयहरूमा डिजिटल प्रणाली लागू गरिएको दाबी गरिए पनि आवश्यक पूर्वाधार, प्राविधिक मर्मत र नियमित निगरानीको अभावले सेवा झनै असहज बनेको छ। “राजस्व उठाउने कार्यालयमै यस्तो अवस्था हुनु प्रशासनिक गैरजिम्मेवारी हो,” एक स्थानीयले टिप्पणी गरे।

यस घटनाले देशभर सार्वजनिक सेवा प्रवाहमा देखिँदै आएको संरचनागत कमजोरी फेरि उजागर गरेको छ। अनलाइन प्रणालीमा निर्भर बढ्दो सेवाहरूमा यस्ता प्राविधिक अवरोधले नागरिकलाई प्रत्यक्ष असर पार्ने भएकाले दीर्घकालीन समाधान र प्रभावकारी व्यवस्थापनको आवश्यकता स्थानीय सरोकारवालाहरूले औंल्याएका छन्। समग्रमा, डिजिटल नेपालको लक्ष्य अघि बढ्दै गर्दा आधारभूत प्राविधिक सेवा अवरुद्ध हुँदा सेवाग्राहीको भरोसा कमजोर हुने जोखिम पनि उत्तिकै बढेको देखिन्छ।

### डोजरको ...

सार्वजनिक सूचना जारी गर्दै सडक, खोला किनार वा सार्वजनिक जग्गामा बनेका टहरा, झोपडी र घरहरू खाली गर्न निर्देशन दिन थालेका छन्। यस्ता सूचनासँगै डोजर परिचालन हुने संकेत दिइँदा सर्वसाधारणमा भय र त्रासको वातावरण सिर्जना भएको देखिन्छ। कतिपय स्थानमा मानिसहरू आफ्नो संरचना कहिले भत्काइन्छ भन्ने अनिश्चिततामा बस्न बाध्य भएका छन्।

यहीँबाट बहसको मूल प्रश्न उठ्छ ,कानुन कार्यान्वयन र मानवीय संवेदनशीलताको सन्तुलन कसरी मिलाउने?

कानुनले अतिक्रमणलाई वैध ठहर्याउँदैन, यो स्पष्ट छ। तर राज्यको दायित्व केवल संरचना हटाउनु मात्र होइन, त्यसबाट प्रभावित नागरिकको जीवन व्यवस्थापन गर्नु पनि हो। यदि डोजर अघि बढ्छ भने त्यसअघि संवाद, योजना र पुनर्स्थापनाको स्पष्ट खाका पनि आउनुपर्छ। डोजरले सडक फराकिलो बनाउन सक्छ, नदी सफा गर्न सक्छ, सार्वजनिक सम्पत्ति फिर्ता गराउन सक्छ। तर यदि त्यसले हजारौं मानिसलाई विकल्पविहीन बनायो भने त्यो विकासको मूल्य अत्यन्त महँगो हुनेछ।

अन्ततः, यो अभियानको मूल्याङ्कन केवल कति अतिक्रमण हटाइयो भन्नेमा होइन, कति नागरिकलाई सम्मानजनक रूपमा पुनर्स्थापित गरियो भन्ने आधारमा हुनुपर्छ। यदि राज्यले कठोरता र संवेदनशीलता दुवैलाई सन्तुलनमा राख्न सक्यो भने यो अभियान सुधारको उदाहरण बन्न सक्छ नत्र, यो केवल धूलो उडाउने अर्को कठोर अध्याय मात्र भएर रहनेछ।

### ठेकेदार...

नहटाइनु, विद्युत् पोल स्थानान्तरणमा समस्या र कानुनी अवरोधका कारण काम रोकिएको बताएको छ।

यस परियोजनाले देखाएको समस्या केवल एक सडक निर्माणको ढिलाइ मात्र नभई ठेकेदार, सरकारी निकाय र स्थानीय तहबीचको समन्वय अभावको प्रत्यक्ष उदाहरण भएको सरोकारवालाहरूको भनाइ छ। समयमै निर्णय र कार्यान्वयन नहुँदा विकास आयोजना वर्षौंसम्म अलपत्र पर्ने प्रवृत्ति फेरि उजागर भएको छ। स्थानीयले अब स्पष्ट समयसीमा तोकेर सडक निर्माण सम्पन्न गर्न दबाब बढाएका छन्।

### सरकारी...

तथा प्रसारण गर्नुपर्ने व्यवस्था गरिएको छ। महासङ्घका अनुसार यसले निजी सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउने र प्रेस स्वतन्त्रतामाथि समेत असर पार्ने खतरा छ।

देशभरका शाखाहरूले जिल्ला समन्वय समितिमार्फत स्थानीय तहलाई समन्वय गर्न आग्रह गरिरहेका छन्। महासङ्घले निर्णय पुनर्विचार नभए थप आन्दोलनका कार्यक्रम ल्याउने संकेत समेत दिएको छ।

### सुकुमवासी...

सुरक्षा दृष्टिकोणबाट हेर्नु उपयुक्त होइन।

“यो सुरक्षा निकायले डिल गर्ने विषय होइन। सबै निकाय आ-आफ्नो जिम्मेवारीभित्र बस्नुपर्छ,” उनले भने, “स्थानीय तहले गर्नुपर्ने काममा अनावश्यक हस्तक्षेप भयो भने संस्थाको विश्वसनीयतामाथि प्रश्न उठ्छ।”

सरोकारवालाहरूले स्पष्ट कानुनी प्रक्रिया र समन्वयबिना गरिने यस्ता गतिविधिले जनविश्वास कमजोर बनाउन सक्ने चेतावनी दिएका छन्।

### वीरगञ्ज...

कार्यालयमा बुझाइएको जनाएको छ।

झडपमा संलग्न महिलाहरूलाई नियन्त्रणमा लिएर थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको छ। सुरक्षा निकायका अनुसार प्रारम्भिक अनुसन्धान जारी छ र घटनामा संलग्न अन्य व्यक्तिहरूको पहिचान गर्ने काम भइरहेको छ।

पछिल्लो समय वीरगञ्जसहित सीमावर्ती नाकाहरूमा तस्करी गतिविधि बढ्दै गएको भन्दै सुरक्षा निकायले चेकजाँच कडाइ गरेको छ। नियमित निगरानी, रात्री गस्ती तथा आकस्मिक जाँच अभियानलाई अझ प्रभावकारी बनाइने सशस्त्र प्रहरीले जनाएको छ।

स्थानीय स्तरमा भने सीमा क्षेत्रमा हुने यस्ता घटनाले सुरक्षा चुनौती र तस्करी नियन्त्रणमा देखिएको तनाव पुनः सतहमा आएको प्रतिक्रिया दिएका छन्।


### भारत...


सहायक कमान्डेन्ट विश्वजित तिवारीले जानकारी दिएका छन्। एसएसबीका प्रवक्ता विनित कुमार सिंहका अनुसार बरामद सामग्री नियन्त्रणमा लिएर कानुनी प्रक्रिया अघि बढाइएको छ।


प्रारम्भिक अनुसन्धानले उक्त गाँजा नेपालतर्फबाट मकवानपुर हुँदै बारा पुगेर भारत लैजान खोजिएको संकेत गरेको छ। तर यति ठूलो परिमाणको लागूऔषध सीमासम्म आइपुग्दा नेपालतर्फका सुरक्षा निकायलाई जानकारी नहुनु वा नियन्त्रण हुन नसक्नुले समन्वय र निगरानी प्रणालीमा कमजोरी रहेको संकेत गरेको छ।


विशेषज्ञहरूका अनुसार सीमा सुरक्षा प्रभावकारी हुन दुबै देशका सुरक्षा निकायबीच सूचना आदानप्रदान, संयुक्त निगरानी र समन्वय अपरिहार्य हुन्छ। तर व्यवहारमा यस्तो समन्वय कमजोर हुँदा एकतर्फबाट छुटेको अवैध गतिविधि अर्को पक्षले मात्र नियन्त्रण गर्ने अवस्था देखिएको छ।

स्थानीयवासीले पनि सीमा क्षेत्रमा निगरानीभन्दा ‘औपचारिक कडाइ’ मात्र देखिने र वास्तविक रूपमा तस्करी रोकथाम प्रभावकारी नभएको गुनासो गरेका छन्। उनीहरूका अनुसार यस्तो घटनाले सीमा व्यवस्थापनमा संरचनागत सुधार आवश्यक रहेको संकेत गर्छ। घटनापछि नेपालतर्फका सुरक्षा निकायले आन्तरिक समीक्षा गर्ने आवश्यकता देखिएको छ भने सीमा क्षेत्रमा संयुक्त गस्ती र सूचनाको समन्वयलाई प्रभावकारी बनाउने विषय फेरि बहसमा आएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# पहुँचका भरमा चलाइएका ६२२ सरकारी गाडी फिर्ता, सरकारको कडाइ

***१५ बैशाख, काठमाडौं ।***
प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले सरकारी स्रोत-साधनको दुरुपयोग नियन्त्रण गर्न कडा कदम चाल्दै ६२२ वटा सरकारी सवारी साधन फिर्ता लिएको जनाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार प्रचलित कानुनविपरीत पहुँचका भरमा सुविधा लिइरहेका कर्मचारी तथा पदाधिकारीबाट ती सवारी साधन फिर्ता लिइएको हो।




प्रारम्भिक छानबिनमा राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिका पदाधिकारीलाई मात्र सवारी सुविधा उपलब्ध हुने व्यवस्था भए पनि तल्लो तहका कर्मचारीले समेत चारपाङ्गे सवारी प्रयोग गरिरहेको तथ्य फेला परेको थियो।
त्यसपछि सबै मन्त्रालय, मातहतका निकाय तथा संवैधानिक आयोगलाई परिपत्र गर्दै त्यस्ता सवारी तत्काल फिर्ता गर्न निर्देशन दिइएको थियो। सोही निर्देशनअनुसार हालसम्म ६२२ सवारी साधन फिर्ता गरिएको जनाइएको छ।
अब कानुनले तोकेबाहेक कुनै पनि कर्मचारी वा पदाधिकारीले व्यक्तिगत रूपमा सरकारी सवारी प्रयोग गर्न नपाउने व्यवस्था कडाइका साथ लागू गरिनेछ। आवश्यक परे सामूहिक रूपमा सवारी प्रयोग गर्न सकिने व्यवस्था भने यथावत रहने बताइएको छ।
सरकारले यस कदमलाई सार्वजनिक स्रोतको दुरुपयोग नियन्त्रण र प्रशासनिक अनुशासन कायम गर्ने दिशामा महत्वपूर्ण सुधारका रूपमा लिएको जनाएको छ।

# सरकारी विज्ञापन नीतिविरुद्ध पत्रकार महासंघको दबाब, केन्द्रदेखि जिल्लासम्म ज्ञापनपत्र





***१५ बैशाख, काठमाडौं/बारा –***
नेपाल पत्रकार महासंघले संघीय सरकारको विज्ञापन वितरणसम्बन्धी निर्णयलाई “विभेदकारी” भन्दै त्यसको कार्यान्वयन रोक्न केन्द्रदेखि जिल्लासम्म दबाब बढाएको छ।
महासङ्घका केन्द्रीय अध्यक्ष निर्मला शर्माको नेतृत्वमा गएको टोलीले मंगलवार गाउँपालिका राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघलाई ज्ञापनपत्र बुझाउँदै संघीय सरकारको उक्त निर्णय कार्यान्वयन नगर्न आग्रह गरेको हो। महासङ्घले उक्त नीतिले निजी तथा सामुदायिक सञ्चारमाध्यमलाई प्रत्यक्ष रूपमा असर पार्ने र सञ्चार क्षेत्रमा असमानता सिर्जना गर्ने ठहर गरेको छ।
यता जिल्लास्तरमा पनि विरोध तीव्र बनेको छ। बारा जिल्लामा महासङ्घको शाखाले जिल्ला समन्वय समिति मार्फत स्थानीय तहलाई सो निर्णय लागू नगर्न आग्रह गर्दै ज्ञापनपत्र बुझाएको छ। शाखा अध्यक्ष रमेश सुबेदीको नेतृत्वमा गएको टोलीले सञ्चार क्षेत्रमाथि परेको असरप्रति गम्भीर ध्यानाकर्षण गराउँदै समान व्यवहारको माग गरेको हो।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट २०८२ चैत १८ गते जारी निर्णयअनुसार सरकारी विज्ञापन अब सरकारी सञ्चारमाध्यममार्फत मात्र प्रकाशन

बाँकी तेस्रो पृष्ठमा

# विद्यार्थी सङ्गठनको मार्च पास:
# “युनियन खारेज स्वीकार्य छैन” भन्दै त्रिविमा प्रदर्शन ।

***१५ बैशाख, काठमाडौं –***
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा विभिन्न विद्यार्थी सङ्गठनले विरोध प्रदर्शनसहित मार्च पास गरेका छन्। सरकारले शासकीय सुधारका नाममा विद्यार्थी युनियन खारेज गर्ने तयारी अघि बढाएको भन्दै संयुक्त विद्यार्थी संगठनले मंगलबार आन्दोलन गरेका हुन्।




प्रदर्शनका क्रममा विद्यार्थीहरूले “स्ववियु खारेज गर्न पाइँदैन”, “विश्वविद्यालयमा प्रहरी होइन, प्राध्यापक पठाउ”, “विद्यालय शिक्षा विधेयक खोइ?” जस्ता नारासहित प्लेकार्ड प्रदर्शन गरेका थिए। उनीहरूले विश्वविद्यालयको स्वायत्तता सुनिश्चित गर्न, शैक्षिक संस्थाहरूमा ‘व्यारेकीकरण’ अन्त्य गर्न, मेरिटोक्रेसी लागू गर्न तथा विद्यार्थीलाई दिइँदै आएको ४५ प्रतिशत यातायात छुट कायम राख्न समेत माग गरेका छन्।
आन्दोलनमा सहभागी विद्यार्थी नेताहरूले विश्वविद्यालयभित्र रहेका स्ववियु तथा विद्यार्थी सङ्गठनहरूको अस्तित्व समाप्त पार्ने कुनै पनि प्रयास स्वीकार्य नहुने स्पष्ट पारे। अखिल (क्रान्तिकारी)का उपाध्यक्ष मदन ढकालले विद्यार्थी युनियन खारेज गर्ने निर्णय तत्काल फिर्ता लिनुपर्ने माग गर्दै सरकारले बेवास्ता गरे थप कडा आन्दोलनमा उत्रिने चेतावनी दिए। उनका अनुसार आगामी दिनमा स्ववियुमार्फत देशभरका क्याम्पसहरूमा विरोध कार्यक्रम विस्तार गरिनेछ। ढकालले नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनमा विद्यार्थी आन्दोलनको ऐतिहासिक भूमिका रहेको उल्लेख गर्दै यस्ता सङ्गठनलाई कमजोर बनाउने प्रयासले सरकारलाई नै अप्ठ्यारोमा पार्न सक्ने बताए। विद्यार्थी सङ्गठनहरूले सरकारसँग संवादमार्फत समस्या समाधान गर्न आग्रह गर्दै आन्दोलनका कार्यक्रम अझ सशक्त बनाउने संकेत गरेका छन्।

# सुकुमवासीको विवरण संकलनमा सुरक्षा निकायको भूमिका विवादित

***१५ बैशाख , काठमाडौं ।***
भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोवासीको विवरण संकलनका विषयमा सुरक्षा निकायको संलग्नता विवादित बनेको छ। भूमि समस्या समाधान आयोगका अनुसार हाल देशभर ९८ हजार ५०२ भूमिहीन दलित, १ लाख ८० हजार २९३ भूमिहीन सुकुमवासी र ९ लाख ३० हजार ७९० अव्यवस्थित बसोबासी रहेका छन्।



भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम नेपाल सरकारले २०८१ असोज १४ गते गठन आदेश जारी गर्दै आयोग गठन गरेको थियो, जसको मुख्य उद्देश्य भूमिहीनलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबास व्यवस्थापन गर्नु हो।
यसबीच सुरक्षा निकायले स्थानीय तहहरूसँग सिधै सुकुमवासीको विवरण माग्न थालेपछि अधिकार क्षेत्रको विषय उठेको छ। आयोगका अध्यक्ष हरिप्रसाद रिजालले यस्तो कार्यप्रति आपत्ति जनाउँदै प्रक्रिया मिचिएको बताएका छन्। उनका अनुसार सुरक्षा निकायले आवश्यक विवरण सम्बन्धित मन्त्रालयमार्फत माग्नुपर्ने हो।
“सेना वा प्रहरीलाई विवरण चाहिएको भए गृह वा रक्षा मन्त्रालयमार्फत भूमि सुधार मन्त्रालयसँग माग्नुपर्छ, त्यहाँबाट आयोगले उपलब्ध गराउँछ,” रिजालले भने, “पालिकासँग सिधै डाटा माग्नु अधिकार क्षेत्रको दुरुपयोग हो।”
यसै विषयमा राजुप्रसाद चापागाईंले पनि सुरक्षा निकायको संलग्नता सान्दर्भिक नभएको बताएका छन्। उनका अनुसार सुकुमवासीको व्यवस्थापन प्रशासनिक तथा सामाजिक विषय भएकाले यसलाई

बाँकी तेस्रो पृष्ठमा

# वीरगञ्जमा सशस्त्र प्रहरी–तस्कर समूहबीच झडप, दुई जवान घाइते

***१५ बैशाख, वीरगञ्ज ।***
सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रण अभियान तीव्र बनाइरहेका बेला वीरगञ्जमा चेकजाँचका क्रममा सशस्त्र प्रहरी र तस्करीमा संलग्न महिलाबीच झडप भएको छ। घटनामा दुई जना सशस्त्र प्रहरी जवान सामान्य घाइते भएका छन्। सशस्त्र प्रहरी बल नेपालका अनुसार वीरगञ्जस्थित अलखिया मठ अगाडि नियमित चेकजाँचका क्रममा शंकास्पद सामानसहितका महिलालाई रोक्ने प्रयास गर्दा विवाद सुरु भएको हो। सामान नियन्त्रणमा लिन खोज्दा महिलाहरूले प्रतिरोध



गरेपछि अवस्था झडपमा परिणत भएको बताइएको छ।
झडपका क्रममा केही समय स्थिति तनावग्रस्त बनेको थियो। पछि थप प्रहरी परिचालन गरी स्थिति नियन्त्रणमा लिइएको हो। घटनापछि प्रहरीले एक पोका सेन्डो गन्जी बरामद गरेको र त्यसलाई आवश्यक कारबाहीका लागि भन्सार

बाँकी तेस्रो पृष्ठमा

# भारतले समात्यो, नेपाल मौन:
# सीमा पार पुगेपछि मात्रै बरामद ३० किलो गाँजा

***१५ बैशाख, बारा –***
नेपाल-भारत सीमाक्षेत्रमा बरामद भएको करिब ३० किलो गाँजाको घटनाले दुई देशबीचको सीमा सुरक्षा समन्वय र नेपालतर्फको निगरानी प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ।
सोमबार साँझ झरोखर नजिक नो म्यान्स ल्याण्ड क्षेत्रमा सशस्त्र सीमा बल भारत (एसएसबी) र भारतीय प्रहरीको संयुक्त टोलीले शंकास्पद सवारी जाँच गर्दा लागूऔषध बरामद गरेको हो।






बीआर ०५ पी ७३१८ नम्बरको टाटा सफारी गाडी भारत प्रवेशको लाइनमा रहेको अवस्थामा रोक्न खोज्दा चालक फरार भएको थियो। तलासीका क्रममा गाडीभित्र प्लास्टिकका प्याकेटमा लुकाइएको ठूलो परिमाणको गाँजा फेला परेको

बाँकी तेस्रो पृष्ठमा

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।